जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २९२ २०८३ साल असार २० गते शनिबार (4 July 2026 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सरकारका १०० दिन : पहुँचयोग्य.. ३ पृष्ठमा : खामेनीको अन्त्येष्टि ...४ पृष्ठमा : 'संविधान भत्काउन खोजे मुलुक..

## बालबालिकाको विकास, संरक्षण र अधिकार सुनिश्चित गर्न प्रदेश सरकार प्रतिबद्ध : मुख्यमन्त्री यादव




**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले सप्तरीको खडक नगरपालिकालाई मधेश प्रदेशको दोस्रो बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गरेका छन् ।

शुक्रबार खडक नगरपालिका परिसरमा आयोजित विशेष समारोहमा मुख्यमन्त्री यादवले घोषणा-पत्र वाचन गर्दै खडक नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गरेका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले बालबालिकाको विकास, संरक्षण र अधिकार सुनिश्चित गर्न मधेश प्रदेश सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको बताए । उनले अभिभावकहरूलाई आफ्ना बालबालिकाको हेरचाह र नियमित निगरानी गर्न आग्रह गर्दै लागूऔषध, दुर्व्यसन तथा अन्य कुलतबाट जोगाउन सबै पक्षको सक्रिय भूमिका आवश्यक रहेको उल्लेख गरे ।

सोही कार्यक्रममा मधेश प्रदेश सभा सदस्य माला कर्णले बालमैत्री स्थानीय शासनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय तहहरूले निरन्तर अनुगमन र निगरानी गर्नुपर्नेमा जोड दिईन ।

खडक नगरपालिका नगरप्रमुख जय प्रकाश चौधरीले बालमैत्री स्थानीय शासनका ५१ वटै सूचक पूरा गरेपछि जिल्लाको दोस्रो बालमैत्री स्थानीय शासनयुक्त पालिकाको रूपमा घोषणा गरिएको जानकारी दिए । उनले बालवालिकाहरूले अब पालिकामा हुनै कुनै पनि गतिबिधि तथा नीति, र निर्णयमा वालवालिकाहरू लाई अनिवार्य राख्ने बताए ।

समारोहमा सेभ द चिल्ड्रेनकी वरिष्ठ कार्यक्रम संयोजक अनिता तमाङले समुन्नति कार्यक्रममार्फत बालबालिकाको सुरक्षा, अधिकार प्रवर्द्धन, शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जनका क्षेत्रमा सञ्चालन गरिएका कार्यक्रमले बालमैत्री स्थानीय शासनका सूचक पूरा गर्न महत्वपूर्ण योगदान पुगेको बताइन् ।

घोषणा सभामा सप्तरीका प्रमुख जिल्ला अधिकारी श्याम कृष्ण थापा, अग्निसाईर कृष्णासवरण गाउपालिका उपाध्यक्ष कल्पना चौधरी, वडा १० का अध्यक्ष राजेन्द्र चौधरी, मधेश प्रदेश बाल क्लव संजालका अध्यक्ष निरज साहले बालमैत्री स्थानीय शासनका सूचकहरूको प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला पक्षले आ-आफ्नो जिम्मेवारी पूरा गर्नुपर्नेमा जोड दिए ।

खडक नगरपालिका कार्यपालिका कल्याणपुरको आयोजनामा तथा सेभ द चिल्ड्रेन, सबल नेपाल, नगर बाल क्लवको समन्वय तथा सहकार्यमा घोषणा सभाको आयोजना गरिएको खडक नगरपालिका बाल कल्याण अधिकारी अनिता कुमारी साहले बताईन ।

## सात वटा विश्वविद्यालयमा उपकुलपति नियुक्त

**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

सात वटा विश्वविद्यालयमा उपकुलपति नियुक्त भएका छन् । कुलपति समेत रहेका प्रधानमन्त्री बालेन शाहले सात वटा विश्वविद्यालयका उपकुलपति नियुक्त गरेका हुन् ।

त्रिभुवन विश्वविद्यालयमा डा. भोला थापा, सुदूरपश्चिम विश्वविद्यालयमा किसन दत्त भट्ट, मध्यपश्चिम विश्वविद्यालयमा राजन सुवाल, कृषि तथा वन विश्वविद्यालयमा ऋषिराम कट्टेल, राजर्षी जनक विश्वविद्यालयमा श्यामनारायण लाभ, पोखरा विश्वविद्यालयमा देवेन्द्र अधिकारी र पूर्वाञ्चल विश्वविद्यालयमा सुजन बाबु मरहट्टा नियुक्त भएका हुन् ।

खुला प्रतिस्पर्धाबाट उनीहरूलाई नियुक्त गरिएको हो । उपकुलपति छनोटका लागि शिक्षामन्त्री सस्मित पोखरेलको संयोजकत्वमा सिफारिस समिति बनेको थियो ।

उक्त समितिको सिफारिसका आधारमा कुलपति समेत रहेका प्रधानमन्त्री शाहले शुक्रबार नियुक्त गरेका हुन् ।

## मधेस प्रदेशमा नौ मन्त्रालय बनाउन सिफारिस

जनकपुरधाम, १९ असार (रासस) ।

मधेस प्रदेश सरकारको मन्त्रालय नौ वटा बनाउन कार्यदलले सिफारिस गरेको छ । मधेस प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा गठित मन्त्रालयको सङ्ख्या तथा कार्यविभाजन पुनरावलोकन गठित उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदलले बिहीबार मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई बिहीबार प्रतिवेदन बुझाएको छ ।

कार्यदलले मधेस प्रदेश सरकारले प्रशासनलाई थप चुस्त, मितव्ययी, उत्तरदायी र नतिजामुखी बनाउन मन्त्रालयको सङ्ख्या हालको संरचनाबाट घटाएर नौ वटा कायम गर्न सिफारिस गरेको छ । कार्यदलको प्रतिवेदनमा मन्त्रालयबीच देखिएको कार्यगत दोहोरोपन हटाउने, प्रशासनिक खर्च घटाउने, सेवा प्रवाहलाई छिटो र प्रभावकारी बनाउने तथा वित्तीय अनुशासन कायम गर्ने उद्देश्यले मन्त्रालयको सङ्ख्या घटाउन सुझाव दिइएको छ ।

प्रदेश सरकारको सङ्गठनलाई 'राइटसाइजिङ' गर्दै सीमित स्रोतसाधनलाई विकास निर्माणमा केन्द्रित गर्न मन्त्रालयको सङ्ख्या घटाउनु आवश्यक देखिएको कार्यदलले सुझाव दिएको छ । कार्यदलले यसबाट प्रशासनिक दक्षता वृद्धि, नीतिगत समन्वय सुदृढीकरण, सार्वजनिक खर्चमा मितव्ययिता, एकल बिन्दुबाट सेवा प्रवाह तथा डिजिटल शासनको विस्तारमा टेवा पुग्ने अपेक्षा गरेको छ ।

मधेस प्रदेश सरकारले मन्त्रालयको सङ्ख्या र कार्यविभाजन पुनरावलोकन गर्ने उद्देश्यले २०८२ जेठ १९ गते उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदल गठन गरेको थियो । कार्यदललाई विद्यमान मन्त्रालयको कार्यप्रकृति, जिम्मेवारी र कार्यबोझको अध्ययन-विश्लेषण गरी गाभ्न मिल्ने वा पुनःसंरचना गर्नुपर्ने मन्त्रालयको पहिचान गर्न तथा संशोधित कार्यविभाजनको मस्यौदा तयार गर्ने जिम्मेवारी दिइएको थियो ।

## कारागारमा गोली चल्दा प्रहरी जवान घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

कारागार कार्यालय सप्तरीको सुरक्षामा खटिएका एक प्रहरी जवान घाइते भएका छन् । ड्युटीका क्रममा एसएलआर राइफलबाट अचानक गोली चल्दा नेपाल प्रहरी विशेष सुरक्षा गण ढल्केबर धनुषा दरबन्दीका २२ वर्षीय प्रहरी जवान बिसोजित राय घाइते भएका हुन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार कारागार कार्यालयको 'ए' ब्लक अन्तर्गत पोस्ट नं ३ मा राति १० बजेदेखि २ बजेसम्मको ड्युटीमा रहेका राय शौचालयबाट पोस्टतर्फ फर्कने क्रममा पोस्ट नं.४ मा ड्युटीमा रहेका प्रहरी जवान २२ वर्षीय अजयकुमार महतोले बोकेको एसएलआर राइफलबाट अचानक एक राउन्ड गोली चलेको थियो ।

गोली लागेर कम्मरमाथिको ढाडमा घाइते भएका रायलाई तत्काल गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा उपचारका लागि लगिएको थियो । सो अस्पतालमा प्रारम्भिक उपचार पश्चात् थप उपचारका लागि उनलाई धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपा रेफर गरिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले घटनाको पुष्टि गरेका छन् । उनले घटनालगत्तै प्रहरी जवान महतोलाई नियन्त्रणमा लिई घटनाबारे आवश्यक अनुसन्धान थालिएको जानकारी दिँदै घाइते प्रहरी जवान रायको स्वास्थ्य अवस्था सामान्य रहेको बताए ।

**मधुमेह (डायबिटिज) रोगबाट बचौं**

शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,

**मधुमेहले,**

- विभिन्न अंगमा क्षति पुर्‍याउन सक्छ,
- मुटु र मिगौंलामा क्षति पुर्‍याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

**मधुमेहबाट बचन,**

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जङ्कफुड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बालबालिकालाई हेर्ने दृष्टिकोणमा परिवर्तन गरौं

बालअधिकार महासंधिमा उल्लेख भएका अधिकारहरु नेपालमा रहेका बालबालिकाहरुलाई प्रदान गर्नु सरकारको कर्त्तव्य हो । तथापि जुन रुप र जुन गतिमा बालबालिकाहरुले आफ्ना अधिकार पाउनु पर्ने हो, त्यसो अहिलेसम्म हुन सकेको छैन । अहिले पनि बालकहरुको श्रम शोषण जारी छ । बालबालिकाहरु कुनै न कुनै रुपमा दुर्व्यवहारका शिकार भइरहेका छन् । बालबालिकाहरुका भावना र विचारहरुलाई अहिले पनि महत्वका रुपमा लिने गरिएको छैन ।

जबसम्म बालबालिकाको संसारलाई भयमुक्त र बालमैत्री बनाउन सकिन्न, तबसम्म उनीहरुले आफ्ना अधिकारको उपभोग गर्नबाट वंचित रहन्छन् । बालबालिकाहरुको कुरा सुन्न जरुरी छ किनभने उनीहरु भित्र असिमित प्रतिभा लुकेका हुन्छन् । बालबालिकाहरुसँग हुने दुर्व्यवहारसँग नजिकका मान्छेहरुको बढी हात हुने तथ्याङ्कले देखाउँछ । घर-परिवार, समाज, विद्यालय आदि स्थान बालबालिकाले बिना त्रास बस्ने ठाउँ भएपनि यस्ता ठाउँमा उनीहरुसँग दुर्व्यवहार भइरहेको हुन्छ ।

तसर्थ बालबालिकालाई भविष्यको कर्णधारका रुपमा परिवर्तित गर्न हामीले पनि उनीहरुलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गरौं, उनीहरुको पनि कुरा सुन्नु जरुरी छ ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# सरकारका १०० दिन : पहुँचयोग्य र उत्तरदायी स्वास्थ्य सेवाको जग बसाल्दै सरकार

**रूपेश आचार्य**

काठमाडौँ, १९ असार (रासस) ।

करिब सय दिनअघिको तुलनामा सार्वजनिक स्वास्थ्य संस्थाहरूको बाहिरी रूपमात्र नभएर सेवाको गुणस्तरसमेत फेरिएको छ । विगतमा सधैँ जनताको गुनासोमात्र बन्ने गरेको सरकारी अस्पतालको सरसफाइदेखि बिरामीलाई दिइने सबै स्वास्थ्य सेवा निकै व्यवस्थित हुँदै गएको छ ।

बिरामी, स्वास्थ्य र उपचारको समग्र डिजिटल अभिलेख सुरक्षित तवरले बस्न थालेको छ भने बिरामीलाई सकेसम्म छिटो उपचारमात्र नभएर बिरामीलाई सुपथ मूल्यमै र सहज रूपमा औषधि उपलब्ध गराउने सरकारको लक्ष्यले साकार रूप पनि लिँदैछ ।

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले गत चैत १३ गते जारी गरेको शासकीय सुधारका एक सय कार्यसूचीको बुँदा नं ८५ मा रहेका स्वास्थ्यसम्बन्धी छवटा लक्ष्य छन् । ती लक्ष्य पूरा गर्ने क्रममा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले स्वास्थ्यका थुपै विसङ्गतिलाई क्रमशः पाखा लगाउन थालेको छ ।

**सुरुआत कार्यसंस्कृति परिवर्तनबाट**

विगत र वर्तमानको तुलना गर्दै मन्त्रालयका प्रवक्ता डा समिरकुमार अधिकारी भन्नुहुन्छ, “अहिले स्वास्थ्य क्षेत्रको समग्र कार्यसंस्कृति नै परिवर्तन भएको छ ।” जहिले पनि ढिलासुस्ती गर्ने, प्रक्रिया मिच्ने र विभिन्न आग्रह वा पूर्वाग्रहका आधारमा निर्णय गर्ने परिपाटी अहिले हटेको उहाँ बताउनुहुन्छ । स्वास्थ्य सेवा प्रदान गरिरहेका ठूला सङ्घीय अस्पतालदेखि मन्त्रालयअन्तर्गतका तल्ला इकाइहरूलाई पनि जवाफदेही बनाउने र परिणाममुखी काम गर्न मन्त्रीस्तरबाट निरन्तर अनुगमन र सोधपुछ हुने गरेको छ ।

**दश प्रतिशत निःशुल्क शय्या व्यवहारमै**

विपन्नलाई उपचार सेवाबाट वञ्चित हुन नदिन अस्पतालमा १० प्रतिशत निःशुल्क शय्या अनिवार्य रूपमा उपलब्ध गराउने सरकारले चालेको कदमले परिणाम दिन थालेको छ । अस्पतालका निःशुल्क शय्याको एकीकृत विवरणयुक्त ‘निःशुल्क स्वास्थ्य पोर्टल’ सञ्चालनमा आएपछि हालसम्म दुई हजार २६२ जनाले निःशुल्क शय्याको सुविधा प्राप्त गरेका छन् । यसअन्तर्गत अस्पतालले दिने सबै सेवा लक्षित वर्गले निःशुल्क पाउन थालेका छन् । बिरामी र तिनका आफन्तले अस्पताल पुग्नुअघि नै कुन अस्पतालमा कति शय्या निःशुल्क छ भन्नेसमेत थाहा पाउन सक्ने भएका छन् ।

पोर्टलमा हालसम्म २१३ वटा अस्पतालले आआफ्नो कुल शय्या, त्यसको १० प्रतिशत हुन आउने शय्या बारेको अद्यावधिक विवरण पोर्टलमा राखिसकेका छन् । रगत चाहिएका बेला अस्पताल-अस्पताल चहार्दै हिँड्नुपर्ने अवस्थाको समेत अन्त्य भएको छ । निःशुल्क स्वास्थ्य पोर्टलमा हालसम्म नेपाल रेडक्रसको एक र अन्य अस्पतालका गरी कुल ३२ वटा रक्त सञ्चार सेवा केन्द्रहरूको सम्पर्क नम्बर र सेवाको विवरण उपलब्ध छ । सरकारले निःशुल्क शय्यामा सबै सेवा प्रदान गर्न लक्षित वर्ग निःशुल्क उपचार पोर्टल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ स्वीकृत गरी स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको वेबसाइटमा राखिएको छ ।

**बिरामीको स्वास्थ्य अभिलेख नौलो र बहुउपयोगी कदम**

बिरामीको स्वास्थ्यसम्बन्धी सम्पूर्ण अभिलेख प्रणाली विकास गरी पाँचवटा ठूला सङ्घीय अस्पतालहरूमा नमूना अभ्यास भइरहेको छ । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, भरतपुर अस्पताल, वीर अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर र कान्ति बाल अस्पतालले आफ्ना सेवासम्बन्धी पूर्ण जानकारी दिन ड्यासबोर्डसमेत सञ्चालनमा ल्याएका छन् । अस्पतालहरूले ‘प्रेषण निर्देशिका, २०८२’ बमोजिम आफ्नै प्रोटोकल बनाई यसको कार्यान्वयन सुरु गरेका छन् ।

बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले आफ्नो अस्पतालको ड्यासबोर्ड सञ्चालनमा ल्याएको छ भने विद्युतीय हाजिरी अनुगमन गर्न २६ वटा सङ्घीय अस्पताल र प्रतिष्ठानहरूले फोकल पर्सन तोकेका छन् । यसका साथै सरकारले अस्पताल सेवा सुधार कार्यविधि, २०८२ कार्यान्वयनका लागि हरेक अस्पतालका लागि एक-एक जना फोकल प्वाइन्ट तोकी नियमित अनुगमन गर्ने व्यवस्थासमेत मिलाएको छ ।

**सफा र व्यवस्थित सरकारी अस्पताल**

वर्तमान सरकार गठन हुनुअघि सर्वाधिक गुनासो रहने गरेको सरसफाइको विषयलाई स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले एक सय दिनभित्रै प्रभावकारी सम्बोधन गरेको छ । मन्त्रालयको निर्देशनबमोजिम हासम्म २६ वटा सङ्घीय अस्पताल तथा प्रतिष्ठानले सरसफाइको अनुगमनका लाागि क्लिनेसब अडिट र त्यसका लागि फोकल पर्सन तोकी नियमित अनुगमको प्रणाली स्थापना भएको छ । यसका साथै स्वास्थ्यकर्मीलाई निरन्तर सेवासम्बद्ध तालिमका साथै विभिन्न अस्पतालका गरी हालसम्म ७२७ जनालाई सफ्ट स्किल तालिम प्रदान गरिएको छ । विभिन्न अस्पतालहरूले आफ्नै औषधि पसल सञ्चालन गरी बिरामी एवं सेवाग्राहीलाई सुलभ एवं गुणस्तरीय औषधि बिक्रीवितरण गरिरहेका छन् ।

**जलन उपचारमा कोशेढुङ्गा**

सरकारको १०० बुँदे कार्यसूचीमै रहेको जलनसम्बन्धी उपचारलाई प्रभावकरी बनाउने प्रतिबद्धताअन्तर्गत पनि उल्लेख्य कार्य भएका छन् । सरकारले जलन उपचारको अत्याधुनिक व्यवस्थाका लागि कीर्तिपुर अस्पताललाई रु दुई करोड अनुदान बजेट विनियोजन गरेको छ ।

साथै आगामी आव २०८३/८४ का लागि जलन उपचार कोष स्थापनाका लागि रु २० करोड विनियोजन गरेको छ । अस्पतालहरूमा अपुग रकम शोधभर्नाका लागि मन्त्रालयमा रु १० करोड विनियोजन गरिएको छ । हालसम्म १२ सङ्घीय अस्पतालका ४८ जना स्वास्थ्यकर्मीलाई जलनको प्रारम्भिक उपचार व्यवस्थापनका लागि तालिमसमेत सरकारले दिएको छ । यसका साथै अन्य चिकित्सक, स्वास्थ्यकर्मी वा नर्सिङ स्टाफलाई जलनसम्बन्धी उपचार र व्यवस्थापन तालिमका लागि बजेट विनियोजन गरेको छ ।

**एयर एम्बुलेन्स, सपना साकार हुँदै**

कर्णाली र सुदूरपश्चिमलगायतका दुर्गम क्षेत्रमा आकस्मिक उपचारको अभावमा बिरामीको मृत्यु हुने र त्यसमा पनि सुत्केरीले ज्यान गुमाउनुपर्ने अवस्थाप्रति सरकारले सुरुदेखि नै संवेदनशील रहेको बताएको छ । हाल भएको स्रोतसाधनको समुचित प्रयोगका साथै यो सेवा दीर्घकालीन बनाउन नीतिगत व्यवस्थासमेत आवश्यक भएकाले अहिले ‘हेली तथा एयर एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८२’ को मस्यौदा तयार भएको छ । यसले एयर

*बाँकी तीन पृष्ठमा*




अनुरोधकर्ता
अग्निसाइर कृष्णासवरण गाउँपालिकाको कार्यालय, सप्तरी

## सरकारका १०० दिन ...

एम्बुलेन्सको उपलब्धता र प्रयोगलाई सहज र सर्वसुलभ बनाउन आधार तयार गरेको छ ।

**जेनजी आन्दोलनका घाइतेप्रति संवेदनशील सरकार**

यसबाहेक सरकारले जेनजी प्रदर्शनका क्रममा हालसम्म सङ्कलित १०२ वटा अस्पतालबाट सङ्कलित दुई हजार ५९९ जना घाइतेको स्वास्थ्योपचार सुनिश्चित गर्न विभिन्न स्वास्थ्य संस्थाहरूसँग निरन्तर समन्वय तथा सहकार्य पनि सुरु गरेको छ ।

यसका लागि जिल्लास्तरीय वर्गीकरण सहजीकरण समितिबाट चारवटा समूहमा ५४९ जना घाइतेको विवरण प्राप्त भएको थियोनस् । त्यसलाई गुणस्तर मापन तथा नियमन महाशाखाको संयोजकत्वमा गठन भएको 'जेनजी प्रदर्शन घाइतेहरूको वर्गीकरण'को प्राविधिक समितिले अनुमोदन गरी गृह मन्त्रालयमा नामावली प्रेषित गरिएको छ ।

यसका साथै देशका विभिन्न आन्दोलन, द्वन्द्व तथा प्राकृतिक प्रकोपका घाइतेहरूलाई औषधोपचार गरेबापत अस्पतालहरूलाई शोधभर्ना दिनेसम्बन्धी कार्यविधि, २०८२ लाई पनि सरकारले कार्यान्वयनमा ल्याएको छ । यसबमोजिम अस्पतालहरूलाई हालसम्म करिब ८५ लाख रूपैयाँ र सशस्त्र द्वन्द्व तथा जनआन्दोलनका घाइतेहरूको औषधोपचारबापत दुई लाख ३८ हजार रूपैयाँ झन्डै रु ८७ लाख शोधभर्ना रकम भुक्तानी गरिएको छ ।

**सुशासनका लागि नीतिगत तयारी**

सुशासनतर्फ महत्त्वपूर्ण कदमका रूपमा सरकारले सार्वजनिक खरिद व्यवस्थापन सुधारका लागि पहिचान गरिएका समस्या र समाधानका लागि गर्नुपर्ने सुधारसम्बन्धी सुझाव प्रतिवेदनसमेत तयार गरेको छ । यसअन्तर्गत राष्ट्रिय अटिजम निर्देशिका, जेनेरिक औषधिसम्बन्धी सुझाव दिन गठित समितिको प्रतिवेदन सङ्घीय अस्पतालहरूले प्रवाह गर्ने सेवा सुधारका लागि गठित समितिको अध्यय प्रतिवेदन, २०८१ तथा औषधि उद्योग, थोक विक्रेता एवं फार्मेसीहरूको स्थलगत अनुगमन समितिको अध्ययन प्रतिवेदन, २०८१ लाई कार्यान्वयनमा लगेको छ ।

त्यसैगरी, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ लाई प्रस्तावित निजामती सेवा ऐनबमोजिम हुनेगरी समसामयिक संशोधन एवं एकीकरण गरी नयाँ स्वास्थ्य सेवा ऐन तर्जुमा गर्ने तयारी भएको छ । यसको विकल्पमा स्वास्थ्य सेवालाई सङ्घीय निजामती सेवा ऐनमा नै समावेश गर्ने भन्ने सम्बन्धमा अध्ययन गरी मस्यौदासहितको प्रतिवेदन, २०८० र औषधि व्यवस्था विभागको समग्र सुधारसहितको पञ्चवर्षीय रणनीतिक कार्ययोजनाको ( २०८२/८३-०८६/८७) मस्यौदा तर्जुमा सम्बन्धी कार्यदलको प्रतिवेदन, २०८२ लाई कार्यान्वयनमा लगेको छ ।

**प्रक्रियामै सुधार गर्दै सरकार**

मन्त्रालयले हालका प्रक्रियाहरूको मूल्याङ्कन गर्न, सेवा प्रवाहका अवरोध पहिचान गर्न र नयाँ सरलीकृत कार्यविधि तथा अनुगमन प्रणाली तयार गर्न प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा 'प्रक्रिया सुधार कार्यदल' समेत गठन गरेको छ । साथै विभिन्न महाशाखाको कार्यक्षेत्रभित्र पर्ने सेवाप्रवाहलाई छिटो, सरल र प्रभावकारी बनाउन महाशाखा प्रमुखलाई सचिवस्तरीय निर्णयबाट अधिकार प्रत्यायोजन गरेको छ ।

प्रशासकीय तथा विभागीय बैठकहरूलाई छोट्याइ पूर्ण रूपमा उद्देश्यमूलक बनाएर पुनर्संरचना गर्ने र विद्युतीय माध्यमबाट खाद्य व्यवसाय अनुमतिपत्र, प्रयोगशाला विश्लेषण प्रतिवेदन, आयातनिर्यात र गुण प्रमाणीकरणसम्बन्धी सेवाहरूसमेत सुरु भएको छ ।

जनचाहनाबमोजिम सेवाप्रवाहलाई सरल, छिटो तथा परिणाममुखी बनाउन, अस्पताल सेवा सुधार कार्यविधि, २०८२, लक्षित वर्ग निःशुल्क उपचार पोर्टल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३, जेनजी प्रदर्शनका घाइतेहरूको वर्गीकरणसम्बन्धी कार्यविधि, २०८२ जारी भएका छन् ।

त्यसैगरी, चालु आव २०८३/८४ मा स्वास्थ्य क्षेत्रको नीति तथा कार्यक्रम, वजेट वक्तव्य र वार्षिक बजेट कार्यक्रमको अनुगमन तथा प्रधानमन्त्री कार्यालयमा गरिने प्रतिवेदन पेस गर्न देशका विभिन्न आन्दोलन, द्वन्द्व तथा प्राकृतिक प्रकोपका घाइतेहरूलाई औषधोपचार गरेबापत अस्पतालहरूलाई शोधभर्ना दिने कार्यविधि, २०८२ का मस्यौदा तयार भएको छ ।

सुशासनको थप कदम स्वरूप स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरूको छनोट, सिफारिस र नियुक्तिसम्बन्धी कार्यविधि, २०८३, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरूको छनोट, सिफारिस र नियुक्तिसम्बन्धी कार्यविधि, २०८३, स्वास्थ्य बीमा ऐन, २०७४ र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ संशोधनको मस्यौदासमेत स्वास्थ्य मन्त्रालयले तयार गरेको छ ।

साथै स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको कर्मचारी आचारसंहिता र मन्त्रालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको मस्यौदा तयार हुनुका साथै मन्त्रालयका प्रत्येक पदको कार्य विवरण तयार गरी कार्यसम्पादन सूचकसमेत तयार गरिएको छ ।

नेपाल स्वास्थ्य तालिम केन्द्रमार्फत हालसम्म १२ हजारभन्दा बढी बेसिक लाइफ सपोर्ट र ३० जनाका लागि महामारी क्षेत्रमा तत्कालको स्वास्थ्य सेवाबारे तालिमसमेत मन्त्रालयले प्रदान गरिएको छ । स्वास्थ्य क्षेत्रसम्बद्ध जनगुनासो व्यवस्थापनलाई थप प्रभावकारी बनाउन पुरानो समिति पुनर्संरचना गरी सार्वजनिक सूचना समन्वय शाखा प्रमुखको संयोजकत्वमा गत वैशाख २४ गते तीन सदस्यीय समिति गठन गरिएको छ । समितिमा गुणस्तर तथा नियमन महाशाखा, सुशासन एकाइका प्रतिनिधिहरू सदस्यका रूपमा समावेश छन् ।

**'हलो हेल्थ', जनताको गुनासो सोझै मन्त्रालयमा**

स्वास्थ्यसम्बन्धी कुनै पनि जनगुनासो व्यवस्थापनका लागि नेपाल सरकारको 'हेलो सरकार'को साथै स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गत 'हेल्लो स्वास्थ्य' प्लेटफर्म सक्रिय छ । यसमार्फत स्वास्थ्यसम्बन्धी गुनासो, जानकारी तथा सूचनाका लागि हटलाइन नं ११११५ मा कल गरी वा मन्त्रालयको वेबसाइटमा रहेको क्युआर कोड स्क्यान गरी सम्पर्क गर्न सकिने व्यवस्था सरकारले गरेको छ । आव २०८२/८३ को जेठ मसान्तसम्म 'हेलो हेल्थ'मा जम्मा छ हजार ६२९ वटा गुनासो, सुझाव तथा सेवा अनुरोध प्राप्त भएका थिए ।

सरकारले गत जेठ मसान्तसम्म 'हेलो हेल्थ'मा प्राप्त गुनासोमध्ये सबै गुनासो सम्बोधन गरेको जानकारी पनि प्रवक्ता डा अधिकारीले दिनुभयो । "यसै पोर्टलमा कर्मचारी भर्ना छनोटसम्बन्धी उजुरीका सम्बन्धमा कारबाही हुँदा सूचना नै रद्द गरिएको थियो", उहाँले उदाहरण दिनुभयो ।

त्यसैगरी, विभिन्न ठूला अस्पतालदेखि औषधि पसलसम्मको अनुगमनबाट सरकारले स्वास्थ्य सेवामा कुनै पनि लापरवाही वा सेवाको गुणस्तरमा सम्झौता हुन नदिन प्रभावकारी कदम चालेको छ । यस अवधिमा विभिन्न प्रकृतिका गरी १०० सय वटाभन्दा बढी अनुगमन गरिएको छ । अनुगमनपछि आवश्यक कारबाही, नसिहत तथा निर्देशन पनि मन्त्रालयबाट जारी भएका छन् ।

**स्वास्थ्य बीमाको भुक्तानी समस्या समाधानतर्फ**

सरकारले यसबाहेक लामो समयअघिदेखि स्रोतको अभाव र बीमा सुविधाको अनुचित प्रयोगजस्ता कारणले स्वास्थ्य बीमामा रहेको भुक्तानी समस्यालाई प्रभावकारी सम्बोधन गरेको छ । सरकार गठनपछि हालसम्म झन्डै चार अर्ब रुपैयाँ स्वास्थ्य बीमाबापत भुक्तानी भएको छ । साथै स्वास्थ्य बीमाको भुक्तानी समस्या निराकरण गर्न त्यसको प्रणालीमै सुधार गर्नेतर्फ सरकार लागिपरेको छ । समग्र स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन सरकारले नियमित अनुगमनको थितिसमेत बसालेको छ ।


रुपनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
मधेश प्रदेश, नेपाल

**हटिया/पोखरी ठेक्का सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।**

**दोश्रो पटक प्रकाशित मिति: २०८३/०३/२०**

यस रुपनी गाउँ कार्यपालिकाको आ.व. २०८३/०८४ मा गाउँपालिकाको आन्तरिक स्रोत वृद्धिको लागि नियमानुसारको हटिया/पोखरी ठेक्का लगाउनु पर्ने भएकोले रही इच्छुक व्यक्ति/संस्थाहरूबाट रीत पूर्वक शिलबन्दी दरभाउपत्र आह्वानको लागि यो १५ दिने सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:-**

| सि.नं. | हटियाको नाम | ठेगाना | न्यूनतम कबोल अंक |
|---|---|---|---|
| १. | रुपनी बजार हटिया | रुपनी-१ | रु. ३,२६,५५० /- |
| २. | कदम हटिया | रुपनी-१ | रु. ५३,६५५/- |
| ३. | पिप्राही हटिया | रुपनी-२ | रु. २२,०५०/- |
| ४. | कटैया हटिया | रुपनी-३ | रु. ५७,७५०/- |
| ५. | बिरेन्द्र बजार हटिया | रुपनी-६ | रु. ५२,६०५/- |

नोटः विस्तृत जानकारी गाउँपालिकाको आधिकारिक वेवसाइट https://www.rupanimun.gov.np/ तथा फेसबुक पेजमा हेर्न सकिनेछ ।

| सि.नं. | पोखरीको नाम | ठेगाना | न्यूनतम कबोल अंक |
|---|---|---|---|
| १ | डोमा पोखरी | रुपनी -२ | रु. १,२५,१००/- |
| २ | तीनकोनमा पोखरी | रुपनी -२ | रु. ३०,०००/- |
| ३ | ठुलो टकासाहु पोखरी | रुपनी -३ | रु. ७६,५०५/- |
| ४ | सानो टकासाहु पोखरी | रुपनी -३ | रु. ६७,०००/- |
| ५ | कमलामाई पोखरी | रुपनी -३ | रु. ४,११,०००/- |
| ६ | मठ पोखरी | रुपनी -३ | रु. २५,५००/- |
| ७ | टहल साह पोखरी | रुपनी -३ | रु. ५७,५००/- |
| ८ | चमराही नदीको सानो पोखरी | रुपनी -३ | रु. १०,१५०/- |
| ९ | नयाँ पोखरी | रुपनी -६ | रु. १,८५,०००/- |


## विश्व समाचार

### खामेनीको अन्त्येष्टिअघि वाहिदी सार्वजनिक

दुबई, १९ असार (रासस/एपी) ।

इरानका सर्वोच्च नेता अयातुल्ला अली खामेनीको शुक्रबारदेखि सुरु हुने दिनभरको अन्त्येष्टि कार्यक्रमको तयारी भइरहेका बेला लामो समयदेखि सार्वजनिक रूपमा नदेखिएका इरानको अर्धसैनिक क्रान्तिकारी गार्डका प्रमुख जनरल अहमद वाहिदी अचानक सार्वजनिक रूपमा देखिनुभएको छ । इरानी राज्य सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्बिर र भिडियोमा उहाँ अन्त्येष्टिसम्बन्धी बैठकमा सहभागी भएको तथा तेहरानस्थित खामेनीको पूर्व निवास नजिक आयोजना गरिएको श्रद्धाञ्जलि कार्यक्रममा उहाँको कास्केट छेउमा बसेको देखिएको छ । राज्य सञ्चारमाध्यमका अनुसार ८६ वर्षीय खामेनीको सम्मानमा बिहीबार राति तेहरानको केन्द्र क्षेत्रमा सानो शोकसभा आयोजना गरिएको थियो । उक्त समारोहमा कालो पोशाकमा उपस्थित शोकाकुल परिवारजनले कफिनतर्फ स्कार्फ र अन्य सामग्री फ्याँकेका थिए । यसलाई इरानमा श्रद्धा व्यक्त गर्ने परम्परागत अभ्यास मानिन्छ ।

विश्लेषकहरूका अनुसार अमेरिकासँगको युद्धको सम्भावित स्थायी अन्त्यका लागि हुन सक्ने वार्तामा इरानको कडा अडान तय गर्न वाहिदी प्रभावशाली भूमिकामा रहनुभएको छ । उहाँलाई नयाँ सर्वोच्च नेता अयातुल्ला मोजताबा खामेनीसँग प्रत्यक्ष सम्पर्कमा रहेको सीमित समूहका सदस्यमध्ये एक भएको विश्वास गरिएको छ । मोजताबा खामेनी फेब्रुअरी २८ मा इजरायली आक्रमणमा घाइते हुनुभएको थियो भने सोही आक्रमणमा उहाँका पिता अली खामेनीको मृत्यु भएको बताइएको छ ।

युद्ध सुरु हुनुभन्दा केही साताअघि फेब्रुअरी ८ पछि वाहिदी सार्वजनिक रूपमा नदेखिएकाले उहाँको उपस्थितिलाई विशेष महत्त्वका साथ हेरिएको छ । राज्य सञ्चारमाध्यमले प्रसारण गरेको भिडियोमा तेहरानस्थित हुसिनियाह परिसरमा राखिएको खामेनीको कफिन रातो ट्युलिपले सजाइएको देखिन्छ । कफिनमाथि शिया समुदायमा विशेष महत्त्व राख्ने 'या हुसेन' लेखिएको सेतो सुलेखनसहितको रातो झण्डा ओढाइएको थियो । उक्त झण्डालाई अन्यायपूर्ण रूपमा मारिएका व्यक्तिको रगत तथा प्रतिशोधको प्रतीकका रूपमा समेत लिइन्छ र इराकको कर्बलास्थित इमाम हुसेनको पवित्र मजारमाथि पनि फहराइने गरिन्छ ।

इरानले शनिबारदेखि खामेनीको दिनभर चल्ने अन्त्येष्टि कार्यक्रम सुरु गर्ने तयारी गरेको छ । उहाँको पार्थिव शरीर इरान र छिमेकी इराकका विभिन्न सहरमा लगिने कार्यक्रम तय गरिएको छ । अन्त्येष्टि तेहरानको ग्रान्ड मोसल्लाबाट सुरु हुनेछ । त्यहाँ शोक समारोहका कारण सडक तथा दैनिक जनजीवन प्रभावित हुने अपेक्षा गरिएको छ । दशकमै पश्चिमसँग टकरावपूर्ण नीति अपनाउँदै इरानको नेतृत्व गर्नुभएका खामेनीप्रति अन्तिम श्रद्धाञ्जलि अर्पण गर्न ठूलो सङ्ख्यामा शोकाकुल नागरिक सहभागी हुने सरकारी अधिकारीहरूले जनाएका छन् ।

### निर्वासन पछि स्वदेश पर्केका अफगानहरू पहिचानको अभावमा बहिष्कारको जोखिममा

टोरखाम (अफगानिस्तान), १९ असार (रासस/एएफपी) ।

पाकिस्तानमा आपवासीहरुको निर्वासन नीतिमा कडाई गरे पछि घर पर्किन बाध्य अफगानहरू जीवन यापन गर्नका लागि अत्यावश्यक विषय पहिचानको अभावमा बहिष्कारको जोखिममा रहेको जनाइएको छ । तोरखाम सीमा नाका बाट अफगान पसेका अफगानहरु आफ्नो सामानहरू बोकेर गृह प्रान्त तिर लाग्दै गर्दा आगामी दिनमा पहिचान कसरी र कहाँ प्राप्त गर्ने विषयमा चिन्त व्यक्त गरेका छन् ।

सेप्टेम्बर २०२३ देखि पाकिस्तान र इरानबाट फर्केका ६१ लाख अफगानहरू मध्ये ८६ प्रतिशत भन्दा बढी आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठन (आइओएम) द्वारा कागजातविहीनको रूपमा सूचीबद्ध रहेको जनाइएको छ । सीमा अधिकारीहरूले कुनै पनि प्रकारको परिचयपत्र नभएका व्यक्तिहरूको पहिचान प्रमाणित गर्न सम्बन्धित अधिकारीहरूलाई सम्पर्क गर्दा, भर्खरै आएका अफगानहरूका लागि परिचय -पत्र प्राप्तीको प्रक्रिया फरकहुन सक्ने बताएको अधिकारीहरुले बताएका छन् ।

जागिर वा विद्यालय स्थान प्राप्त गर्नका लागि आवश्यकताका साथै, आफ्नो जग्गा वा घर छ भनेर प्रमाणित गर्न , राज्यका सुविधाहरू प्राप्त गर्न रदेशमा आवागमन गर्नका लागि, सबै भन्दा पहिले परिचय पत्र आवश्यक रहेको जनाइएको छ । आइओएमका क्षेत्रीय संयोजक जियाद सालिहले परिचय पत्रलाई अफगानहरूका लागि अत्यावश्यक विषय भएको वर्णन गर्दै परिचय पत्रको अभावमा उनीहरूलाई प्रशासनिक र सामाजिक बहिष्कारको जोखिममा पारेको बताउनु भएको छ ।

एक पटक अफगानहरू आफ्नो गन्तव्यमा पुगेपछि-प्रायः उनीहरूका आफन्तहरू वर्षौं पहिले भागेका ठाउँहरू-संस्थाहरूसँग उनीहरूको कागजी कार्यका साथ सहयोग गर्न हेल्पलाइन र परियोजनाहरू सक्रिय रहेको जनाइएको छ । गत जुनमा संयुक्त राष्ट्रसङ्घले अफगानहरूलाई आगामी तीन वर्षमा १५ लाख पहिचान जन्य कागजातहरू प्राप्त गर्न मद्दत गर्ने उद्देश्यले पहल सुरु गरेको थियो । अफगानिस्तानका लागि युएनएचसीआरका प्रतिनिधि अराफात जमालले कागजातको अभावलाई अदृश्य घटनाका रूपमा वर्णन गर्दै "कागजातको अभावमा जीवन यापन गर्न गम्भीर समस्या भएको बताउनुभएको छ । अफगानिस्तानमा विश्वव्यापी सहायता कटौतीले ठुलो असर पारेको जनाइएको छ भने निर्वासनका कारण अफगानीस्तान आएकाहरु रोजगारीको अभाव झेलि रहेका छन् ।

# 'संविधान भत्काउन खोजे मुलुक जातीय र क्षेत्रीय द्वन्द्वमा धकेलिन्छ' : उपेन्द्र यादव

**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**
जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधानका मूल चरित्र भत्काउन खोजे मुलुक गम्भीर जातीय तथा क्षेत्रीय द्वन्द्व र अशान्ति तर्फ धकेलिने चेतावनी दिएका छन् ।

शुक्रबार सामाजिक सञ्जाल फेसबुक मार्फत् 'संविधान संशोधन सम्बन्धी बहस' बारे आफ्नो धारणा सार्वजनिक गर्दै अध्यक्ष यादवले राजनीतिक दल र सरकारलाई संविधानको जग नष्ट नगर्न सचेत गराएका हुन ।

क्षणिक राजनीतिक स्वार्थका लागि सङ्घीयता, गणतन्त्र, लोकतन्त्र, धर्मनिरपेक्षता र समानुपातिक समावेशीता जस्ता संविधानका मूल चरित्र भत्काउन खोजे अग्रगामी परिवर्तनका पक्षधरहरूबाट त्यसको सशक्त प्रतिरोध हुने उनले स्पष्ट परेका छन् ।

अध्यक्ष यादवले विश्वका प्रमुख संविधानहरूमा राष्ट्रको मूल पहिचान, देशको सार्वभौमसत्ता, लोकतन्त्र, सङ्घीयता, र न्यायिक स्वतन्त्रता जस्ता आधारभूत पक्षलाई स्थायी रूपमा सुरक्षित गर्न 'असंशोधनीय प्रावधान' राखिने अभ्यासको उदाहरण समेत दिएका छन् ।

"संविधानका यस्ता प्रावधानहरूलाई सामान्य राजनीतिक बहुमतको आधारमा परिवर्तन गर्न नदिने उद्देश्यले असंशोधनीय बनाइएका हुन्छन्," यादवले भने, "यसले संविधानलाई क्षणिक राजनीतिक स्वार्थ भन्दा माथि राखेर राष्ट्रको दीर्घकालीन हित सुरक्षित गर्न मद्दत गर्छ ।"

अध्यक्ष यादवले नेपाली जनताले वर्षौंदेखि गर्दै आएका जनसङ्घर्ष, सशस्त्र सङ्घर्ष, र ऐतिहासिक मधेश जनविद्रोहको जगमा संविधान सभाबाट नेपालको संविधान जारी भएको स्मरण गराएका छन् । संविधानको धारा २७४ ले नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी संशोधन गर्न रोक लगाएको उनले उल्लेख गरे ।

यादवले जनतामा निहित सार्वभौमसत्ता, सङ्घीय लोकतान्त्रिक गणतन्त्र, संविधानको सर्वोच्चता, विधिको शासन, शक्तिको पृथकीकरण, स्वतन्त्र न्यायपालिका, मौलिक अधिकार, समानुपातिकता, धर्मनिरपेक्षता र बहुभाषिक/बहुजातीय पहिचान नेपालको संविधानका अपरिवर्तनीय आधारभूत विशेषता भएको तर्क अघि सारेका छन् ।

त्यस्तै, समावेशीता र अधिकारको सन्दर्भमा मधेशी, आदिवासी जनजाति, दलित, महिला, थारू, मुस्लिम, खस, पिछडावर्ग, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, र आर्थिक रूपमा विपन्न वर्गको अधिकारको ग्यारेन्टी, पहिचान र पहुँचको लागि राष्ट्रियता वा जातीयताको पहिचानसहित राज्यद्वारा प्रदान गरिने शक्ति, साधन-स्रोत र अवसरमा समानुपातिक समावेशी पहुँच र वर्तमान अवस्थामा राजनीतिक दल र सरकारले क्षणिक स्वार्थ छाडेर स्वतन्त्रता, समानता, सुशासन, विकास, समृद्धि र सामाजिक न्यायको लक्ष्य प्राप्ति तर्फ ध्यान केन्द्रित गर्नुपर्नेमा अध्यक्ष यादवले जोड दिएका छन् ।

# मेलम्चीको पानी आपूर्ति बन्द

काठमाडौं, १९ असार (रासस) ।
मेलम्ची खानेपानी आयोजनाको मुहानमा बाढी पसेपछि काठमाडौं उपत्यकामा आपूर्ति भइरहेको पानी आजदेखि अस्थायी रूपमा बन्द भएको छ ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का प्रवक्ता वीरबहादुर चन्दका अनुसार मेलम्चीको मुहानमा पानी धमिलो भएपछि प्रशोधन प्रक्रिया जटिल हुँदा मेलम्चीबाट सुन्दरीजलस्थित प्रशोधन केन्द्रमा प्रवाह हुने पानीको आपूर्ति अस्थायी रूपमा रोकिएको हो ।

उहाँले भन्नुभयो, "वर्षाले मुहानमा पानी अत्यधिक धमिलो भएको छ, गुणस्तरमा सुधार आएपछि पुनः प्रशोधन प्रक्रिया सञ्चालन गरी पूर्वनिर्धारित वितरण तालिकाअनुसार पानी आपूर्ति सञ्चालन गरिनेछ ।" निरन्तर वर्षा भएमा काठमाडौंमा जल आपूर्ति गर्न केही समय लाग्नेछ ।





अनुरोधकर्ता
डाक्नेश्वरी नगरपालिकाको कार्यालय, सप्तरी


# भारतीय नागरिक लागुऔषधसहित पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, १९ असार ।**
सिरहामा प्रहरीले गोली चलाएर एक भारतीय नागरिकलाई लागुऔषधसहित पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारतको बिहार राज्य अन्तरगत मधुवनी जिल्ला निवासी अन्दाजी २४ वर्षीय अब्दुल कलाम छन् ।

भारतसँग सिमाना जोडीएको सिरहाको नवराजपुर गाउँपालिका ४ स्थित लागुऔषध कारोबारको डिल भइरहेको भन्ने विशेष सूचनाको आधारमा प्रहरी परिचालन गरेको थियो । प्रहरीको सर्चको क्रममा लागुऔषध कारोबारमा संलग्नलाई नियन्त्रणमा लिन खोज्दा उनीहरूले प्रतिरोध गरेपछि गोली चलेको प्रहरीले जनाएको छ । खुट्टामा गोली चलाएर प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

प्रहरीको गोली लागेर घाइते भएका कलामलाई प्रादेशिक अस्पताल सिरहामा भर्ना गरिएको छ । उनको साथबाट प्रहरीले १ सय २२.८ मिलि ग्राम ब्राउनसुगर बरामद गरेको छ ।

सूचना अधिकारी पालका अनुसार उनीहरू दुई ओटा मोटर साइकलमा चार जना आएका थिए प्रहरीले गोली चलाउँदा ३ जना भने फरार भएका थिए । प्रहरीले घटनास्थलबाट दुई थान भारतीय नम्बर प्लेटको मोटरसाइकल समेत बरामद गरेको छ । उनीहरू भारत तर्फ नै भागेकाले जनाएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी रमेश बहादुर पालले बताए ।

# बर्डफ्लु प्रभावित किसानलाई क्षतिपूर्तिका लागि ५० करोड निकासा

काठमाडौं, १९ असार (रासस) ।
कृषि, वन तथा वातावरण मन्त्रालयले बर्डफ्लुबाट प्रभावित किसानलाई क्षतिपूर्ति उपलब्ध गराउन रकमान्तर गरेर पशुसेवा विभागलाई रु ५० करोड निकासा गरेको छ ।

मन्त्रालयले बर्डफ्लु पुष्टि भएका ११ जिल्लामा नष्ट गरिएका पन्छी, अण्डा तथा दानाको क्षतिपूर्ति वितरणका लागि उक्त रकम विभागलाई उपलब्ध गराएको हो । बर्डफ्लुबाट आर्थिक नोक्सानी बेहोरेका किसानलाई राहतस्वरुप क्षतिपूर्ति वितरण गर्न विभागले मन्त्रालयसँग रकम माग गरेको थियो ।

विभागका प्रवक्ता डा मुकुल उपाध्यायले निकासा भएको रकम पीडित किसानलाई क्षतिको ७५ प्रतिशतसम्म क्षतिपूर्ति उपलब्ध गराइने जानकारी दिनुभयो ।

विभागका अनुसार बर्डफ्लु सङ्क्रमण देखिएका काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन र नवलपरासीमा करिब सात लाख पन्छी, ११ लाख अण्डा र तीन लाख किलो दाना नष्ट गरिएको थियो । यसबाट रु ७० करोड बराबरको क्षति भएको थियो ।

बर्डफ्लु रोग नियन्त्रण (चौथो संशोधन) २०७४ अनुसार प्रमाणित क्षतिको विवरणका आधारमा नष्ट गरिएका पन्छी, पन्छीजन्य पदार्थ तथा पन्छी उत्पादन सामग्रीको मूल्याङ्कन गरी सम्बन्धित धनीलाई क्षतिको ७५ प्रतिशतसम्म क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था छ ।

गत चैतदेखि देशको पूर्वी क्षेत्रबाट फैलिन सुरु भएको बर्डफ्लु सङ्क्रमण हाल ११ जिल्लामा देखिएको छ । भाइरसको स्वरूप परिवर्तन हुनसक्ने जोखिम रहेकाले सम्भावित सङ्क्रमण नियन्त्रणका लागि पन्छी, अण्डा तथा दाना नष्ट गरिएको प्रवक्ता उपाध्यायले बताउनुभयो ।

रोग नियन्त्रणका लागि विभागका उपमहानिर्देशकको नेतृत्वमा बर्डफ्लु रोग नियन्त्रणकक्ष स्थापना गरिएको छ । रोग देखिएका क्षेत्रमा सङ्घ, प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी नियन्त्रणको प्रयास जारी छ ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*